बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

काभ्रेपलान्चोक

पत्र सङ्ख्या: ०८१।०८२
चलानी नम्बर: ३५८

मिति: २०८१/०८/१४

श्री सबै स्थानीय तहहरु, काभ्रेपलाञ्चोक ।
श्री सबै स्थानीय तहहरु, सिन्धुपाल्चोक।
श्री सबै स्थानीय तहहरु, रामेछाप।
श्री सबै स्थानीय तहहरु, दोलखा।

विषयः सूचना प्रकाशन गरिदिनुहुन ।

प्रस्तुत बिषयमा **"जिल्ला सेवा केन्द्र / सामुदायिक सेवा केन्द्र तथा मनोसामाजिक मनोविमर्श सेवा केन्द्र सञ्चालन गर्ने महिला सहकारी संस्थाहरु तथा Safe House का लागि सहयोग कार्यक्रम"** का लागि सामाजिक क्षेत्रमा संलग्न संस्थाहरुबाट प्रस्ताव माग गरिएको यसै पत्रसाथ संलग्न सूचना तहाँको सूचना पाटी तथा वेवसाइटमा राखी सूचना प्रशारित गर्न सहयोग गरिदिनुहुन अनुरोध छ।

८।१४

रन माया फ्याक
कार्यालय प्रमुख

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# सामाजिक विकास कार्यालय
काभ्रेपलान्चोक

पत्र सङ्ख्या: २०८१/०८२
चलानी नम्बर:

## विषय: प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मिति: २०८१/०८/१४ गते)**

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिक विकास कार्यालय, काभ्रेपलाञ्चोकको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **"सामाजिक क्षेत्रका कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन निर्देशिका, २०७८"** बमोजिम तपशिल अनुसारका कागजातहरु सहित उक्त निर्देशिकाको अनुसूची -१ को ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (२०८१ मंशीर २८ गतेसम्म) कार्यालय समयभित्र यस सामाजिक विकास कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकमा प्रस्तावपत्र पेश गर्न कार्यक्रमसँग सम्बन्धित क्षेत्रमा कार्यरत काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाभित्र दर्ता र कार्यक्षेत्र भएका इच्छुक सामाजिक संस्थाहरुका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | अनुदान कार्यक्रमको नाम | पेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|
| १ | जिल्ला सेवा केन्द्र / सामुदायिक सेवा केन्द्र तथा मनोसामाजिक मनोविमर्श सेवा केन्द्र सञ्चालन गर्ने महिला सहकारी संस्थाहरु तथा Safe House का लागि सहयोग कार्यक्रम | **१. संस्थाले देहायका विषयहरु समाविष्ट हुने गरी तोकिएको ढाँचाको प्रस्तावपत्र,**<br>• प्रस्तावपत्र तयार गर्दा लैससास दृष्टिकोण (कार्यक्षेत्रमा समावेशीकरणको लागि अवस्था विश्लेषण, प्राथमिकीकरण, बजेट, कार्यान्वयन र प्रभाव मूल्याङ्कन) सुनिश्चित भएको हुनुपर्नेछ।<br>• सञ्चालकहरुको विवरण, भौतिक संरचना, जनशक्तिको अवस्था, सम्बन्धित क्षेत्रको अनुभव, आन्तरिक तथा अन्य निकायहरुसँगको स्रोत परिचालनको स्थिति र नेपाल सरकार तथा प्रदेश सरकारद्वारा स्वीकृत खर्चको मापदण्डबमोजिम कार्यक्रम खर्चको अनुमानित प्रस्ताव<br>• सामाजिक विकास मन्त्रालयबाट विगत ३ आ.व.मा निकासा भएको रकम र प्राप्त उपलब्धी<br>२. संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि<br>३.स्थायी लेखा नं. दर्ता र गत आर्थिक वर्षको करचुक्ताको प्रमाणपत्र<br>४. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन<br>५.संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल<br>६.संञ्चालक समितिले अनुदान माग गरेको निर्णयको प्रतिलिपि<br>७.चालु आ.व.मा अन्य सरकारी निकायबाट अनुदान स्वीकृत नभएको व्यहोरा सहितको सम्बन्धित स्थानीय तहको सिफारिस<br>८.अन्य निकायबाट व्यहोरिने स्रोतको हकमा स्रोतको सुनिश्चितता सम्बन्धी प्रमाण<br>९.समाज कल्याण परिषदमा आवद्धता प्रमाणपत्र (महिला सहकारी संस्थाको हकमा नपर्ने) र अन्य आवश्यक कागजातहरु । |
| स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन । | | |

पुनश्च: नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, **महिला तथा बालबालिका विभागको महिला विकास कार्यक्रम सञ्चालन मार्गदर्शनको अनुसूची २४** मा उल्लेख भएको विषयमा **बागमती प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड, २०७८** को जिल्लास्तरको खर्चको परिधिभित्र प्रस्ताव पेश गर्नुपर्नेछ।

सम्बन्धित निर्देशिका, अनुसूची फारम लगायत विस्तृत जानकारीको लागि सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको वेबसाइट https://mosd.bagamati.gov.np/ वा यस कार्यालयको वेबसाइट http://103.140.1.186/ हेर्न तथा मोबाइल नं. ९८५१४०१३२६ वा ९८५१२२९३२६ मा सम्पर्क गर्न सकिनेछ।